# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, माघ ४ गते २०५५ साल (संख्या ३९

## भाग ३

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको सूचना

#### हिले-भोजपुर तथा कटारी-ओखलढुङ्गा सडक निर्माण समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५

हिले-भोजपुर तथा कटारी–ओखलढुङ्गा सडक निर्माण समिति (गठन) आदेश, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "हिले–भोजपुर तथा कटारी ओखलढुङ्गा सडक निर्माण समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. हिले–भोजपुर तथा कटारी–ओखलढुङ्गा सडक निर्माण समिति (गठन) आदेश, २०४९ को दफा २ मा संशोधनः हिले–भोजपुर तथा कटारी–ओखलढुङ्गा सडक निर्माण समिति (गठन) आदेश, २०४९ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको सडक निर्माण समिति सम्झनुपर्छ ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. सडक निर्माण कार्यः शाही नेपाली सेनाद्वारा देहायबमोजिमका सडक-हरूको निर्माण कार्य हुनेछः–

(क) हिले–भोजपुर सडक

(ख) कटारी–ओखलढुङ्गा सडक

(ग) सल्यान–मुसिकोट सडक

(घ) मुसिकोट–बुर्तिवाङ सडक"

४. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को उपदफा (२) को,

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ–

"(ग) प्रमुख, डिजाइन महाशाखा, सडक विभाग – सदस्य"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ–

"(ग१) प्रमुख, योजना महाशाखा, सडक विभाग – सदस्य"

५. रूपान्तर मूल आदेशको ठाउँ-ठाउँमा रहेका "हिले–भोजपुर तथा कटारी–ओखलढुङ्गा सडक निर्माण समिति" भन्ने शब्दहरूको सट्टा "सडक निर्माण समिति" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गठन गरेको वन अनुसन्धान तथा सर्वेक्षण विकास समितिलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम विघटन गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

३८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४८, अतिरिक्ताङ्क २५ (ग), मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं महानगरपालिका वडा. नं. १४ साविक कालिमाटी गा. वि. स. वडा नं. ७ख. कालिमाटी स्थित कि.नं. १२६,१३१,१३३,१३४,१३५,१३६, १३७ र १३८ को जम्मा क्षेत्रफल ८–१४–१–० जग्गा र सो मा बनेको घरसमेत अमेरिकी राजदूतावासले खरिद गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

खण्ड ४८, अतिरिक्ताङ्क १६ (आ), मिति २०५५।२।२१ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको तेस्रो हरफमा रहेको "बीसलाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक करोड रूपैयाँ" भन्ने शब्दहरू राखिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार